गौमुल गाउँपालिका

# स्थानीय राजपत्र

गौमुल गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ७ संख्याः२ मितिः २०८०/१०/७

## भाग-२

## गौमुल गाउँपालिका

# गौमुल गाउँपालिका कृषि विकास कार्यक्रम संचालन कार्यविधि,२०७९

# गौमुल गाउँपालिका कृषि विकास कार्यक्रम संचालन कार्यवधि,२०७९

**पृष्ठभुमिः** कृषि विकासका लागि कृषिजन्य बस्तुको उत्पादन उत्पादकत्व बृद्धि गर्नेगरी यस गौमुल गाउँपालिकाका सबै वडाहरुमा क्षेत्रअनुसार विभिन्न कृषि क्रियाकलापहरु भै रहेको छ । बहुजाति , बहुभाषा, धर्म संस्कृतिको धनि हाम्रो विविध क्षेत्रमा सम्भावना वोकेको यस गौमुल गाउँपालिका कृषि व्यवसाय संचालनमा यूवा कृषक, कृषक समुह, कृषि सहकारी, विभिन्न कृषि फर्महरुलाई उचित कृषि विकास कार्यक्रम संचालनका लागि गौमुल गाउँपालिका कृषि विकास कार्यक्रम संचालन गरी दिगो कृषि विकास तथा मर्यादित कृषि व्यवसाय संचालन तथा परिचालनमा जोड दिदै कार्यक्रमहरु संचालन भै रहेको छ । गौमुल गाउँपालिका कृषि विकासमा आत्मनिर्भर हुने रासायनिक विषादी रहित कृषि उत्पादन बजार प्रतिस्पर्धात्मक रुपमा अगाडि बढने गरी कार्यक्रमहरु संचालन हुदै आईरहेको अवस्थामा हाल यस गाउँपालिकाले खाद्यान्न वाली, तरकारी, मौरीपालन, च्याउ व्यवसाय, ग्रिनहाउस निर्माण गरी बेमौसमी तरकारी उत्पादन गर्दै आएको छ । यस गाउँपालिकाले विनियोजन गरेको वजेटको सहि सदुपयोगका लागि यस कार्यविधि अनुसार कार्यक्रम संचालन गर्ने वातावरण सृजना गरी सेवा प्रदायक र सेवाग्राहीका लागि विश्वस्थ पारी उपलब्ध श्रोतको सदुपयोग गर्नका लागि मार्ग निर्देशन गर्ने गरी कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०७९ तयार गरिएको हो ।

## परिच्छेद १
## प्रारम्भिक

**१) नाम र प्रारम्भः** क) योकार्यविधिको नाम **गौमुल गाउँपालिका कृषि विकास कार्यक्रम संचालन कार्यविधि,२०७९** रहेको छ ।

ख) यो कार्यविधि गौमुल गाउँपालिका गाउँकार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

**२) परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"गाउँपालिका"** भन्नाले गौमुल गाएपालिका सम्झनु पर्नेछ ।

(ख) **"कार्यालय"** भन्नाले गौमुल गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्नेछ ।

(ग) **"शाखा"** भन्नाले गौमुल गाउँपालिका कृषि विकास शाखालाई सम्झनु पर्नेछ ।

(घ) **"वडा"** भन्नाले गौमुल गाउँपालिका सबै वडाहरु सम्झनु पर्नेछ ।

(ङ) **"प्राविधिक"** भन्नाले कार्यालयमा कार्यरत वा कृषि विकास शाखावाट खटाईएको प्राविधिक सम्झनु पर्दछ ।

(च) **"अनुदान"** भन्नाले सम्बन्धित कृषि विकास कार्यक्रम संचालनका लागि दिईने अनुदान सम्झनु पर्नेछ ।

(छ) **"प्रस्तावक"** भन्नाले यस कार्यविधि अनुसार अनुदान प्राप्त कृषक/व्यवसायिक कृषि फर्म/कृषक समुह/कृषि सहकारी/निजि फर्म/उधमि सम्झनु पर्दछ ।

(ज) **"कार्यविधि"** भन्नाले कृषि विकास कार्यक्रम संचालन कार्यविधि,२०७९ सम्झनु पर्दछ ।

(झ) **"समिति"** भन्नाले गौमुल गाउँपालिका कृषि विकास कार्यक्रम कार्यविधि बमोजिम गठित समिति सम्झनु पदर्छ ।

(ञ) **"मागमा आधारीत अनुदान"**कार्यक्रम भन्नाले प्रस्तावकको माग स्वीकृतिका आधारमा दिईने अनुदान कार्यक्रम सम्झनु पर्दछ ।

(ट) ***बाली नास*** भन्नाले प्राकृतिक वा गैर प्राकृतिक कारणबाट उत्पन्न विपत्तिपूर्ण अवस्था सिर्जना भई कृषी उपजमा क्षती भएको अवस्थालाई सम्झनु पर्छ ।

(ठ) ***प्राकृतिक विपद*** भन्नाले बाढी, अतिवृष्टि, अनावृष्टि, खडेरी, आँधी, भूकम्प, ज्वालामुखी विष्फोट, बाढी, पहिरो, चटयाङ तथा भू-स्खलन जस्ता प्राकृतिक कारणबाट उत्पन्न विपदलाई सम्झनु पर्छ ।

(ड) ***गैर प्राकृतिक विपद*** भन्नाले महामारी, अनिकाल, डढेलो, आगलागि, कीट आतङ्क, जनावर आतङ्क, खानी दुर्घटना, औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्यास वा रसायन चुहावट, विकिरण, ग्याँस विष्फोटन, वातावरणीय प्रदुषण वा विनास, भौतिक संरचनाका क्षति आदिलाई सम्झनु पर्छ ।

(ढ) ***बाली*** भन्नाल सम्पूर्ण कृषी उपज (बोट विरुवा प्रजाती एवम पशुपँक्षी) समेतलाई जनाउनेछ ।

## परिच्छेद २
## उदेश्य

**३.उद्देश्यः** यो कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ ।

क. व्यवसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणाली द्धारा उच्च एवं दिगो आर्थिक विकास हासिल गरी खाद्य सुरक्षा तथा गरिबि निवारणमा योगदान गर्ने ।

ख. कृषिमा यान्त्रिकिकरणको प्रयोगबाट उत्पादन एवं उत्पादकत्व बढाउने ।

ग. व्यवसायिक कृषि प्रणालीबाट प्रतिस्पर्धात्मक क्षमता बढाउने ।

घ. प्राविधिक श्रोत, वातावरण र जैविक विविधताको संरक्षण सम्र्बद्धन एव सदुपयोग गर्ने ।

ङ. प्रस्तावकहरुको प्रस्ताव बमोजिमका कार्यक्रमहरु संचालन गर्ने ।

च. व्यवसायिक कृषि कार्यकम मार्फत "समृद्ध गौमुल,सुखी गौमुल बासी" को लक्ष्य प्राप्ति गर्ने ।

## परिच्छेद ३

## कृषि विकास कार्यक्रम संचालन समिति सम्बन्धि व्यवस्था

**४.कृषि विकास कार्यक्रम संचालन समिति :** कृषि विकास कार्यक्रम संचालनका लागि देहाय बमोजिमको समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष – अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत –सदस्य

(ग) सामाजिक विकास समिति –सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख – सदस्य

(ङ) कृषि शाखा प्रमुख – सदस्य सचिव

**५.कृषि विकास समितिको काम, कर्तव्य र अधिकार :** स्थानीय सरकार संचालन ऐन,२०७४ मा उल्लेखित प्रावधानहरको परिधि भित्र रही यस गाउँपालिका कृषि विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क)कृषि तथा पशु विकास सम्बन्धि स्थानीय नीति, कानून, कार्यविधी, मापदण्ड तर्जुमा गराउन सहजीकरण गरि आवश्यकतानुसार गाउँकार्यपालिका बाट पास गराउन एवं गराई स्थानीय राजपत्रमा प्रकाशित गर्न र सोको कार्यान्वयनमा सहजीकरण गर्ने ।

ख) गाउँपालिकाको कृषि विकासको प्राथमिकताहरु निर्धारण गर्न कार्यपालिकालाई सहजीकरण गर्ने

ग) गाउँपालिकाको रणनैतिक, आवधिक तथा बार्षिक कृषि योजना तर्जुमा गर्न र सोको गाउँ सभाबाट अनुमोदन गराउन सहजीकरण गर्ने । योजना तर्जुमा गर्दा सम्बन्धित सबै सरोकारवालाहरुको सहभागिता गराउनका लागि सहजीकरण गर्ने ।

घ) महिला तथा बिपन्न वर्ग, व्यवसायीक कृषक लक्षित गरि कृषि विकास कार्यक्रम तर्जुमा तथा सोको कार्यन्वयनमा सहयोग गर्ने ।

ङ) पालिकामा कृषि सम्वन्धी सूचना, तथ्यांक राख्न, तिनको विश्लेषण र राजनैतिक निर्णय प्रक्रियामा यस्ता सूचना तथा तथ्यांकको उपयोग गर्न सहजीकरण गर्ने ।

च) कृषि तथा पशु सम्बन्धि उत्पादन सामग्री जस्तै मल, बीउ, नश्ल आदिको मापदण्ड निर्धारण तथा सो अनुगमनमा समन्वय एवं सहजीकरण गर्ने ।

छ) स्थानीय उत्पादन, प्रांगारिक उत्पादन आदिको सिफारिस तथा आवश्यक प्रमाणपत्र उपलब्ध गराउन सहजीकरण गर्ने ।

ज) पालिकामा मुख्य मुख्य कृषि तथा पशुजन्य उपजको विस्तार एवं विविधिकरण र वजारीकरणका लागि यससँग सम्वन्धित बहुसरोकारवाला मञ्चको सञ्चालन एवं सहजीकरण गर्ने ।

झ) संघ, प्रदेश तथा स्थानीय तहका कार्यक्रमको संयोजन तथा कार्यान्वयन र अनुगमनमा संयोजनकारी भूमिका निर्वाह गर्ने ।

ञ) संघ तथा प्रदेशका रणनैतिक प्राथमिकता प्राप्त कार्यक्रमलाई स्थानीय तहको लक्ष्य तथा उपलब्धिसँग जोडन सहजीकरण गर्ने ।

ट) कृषि उत्पादन, उत्पादकत्व वृद्धि तथा उत्पादित बस्तुहरुको प्रशोधन र बजारिकरण गर्न आवश्यक नीतिगत व्यवस्था गर्न नगर कार्यपालिकालाई सहयोग एवं सहजीकरण गर्ने ।

## परिच्छेद ४

## कार्यक्रम कार्यान्वयन प्रकियाः

**६. एक वडा एक कृषि कार्यक्रमः** यो कार्यक्रम गौमुल गाउँपालिकाका सबै वडाहरुमा सञ्चालन गरिनेछ । जसमा गाउँपालिकाको निर्णय बमोजिम सबै वडाहरुमा कृषित तर्फ विनियोजन गरिएको

एकमुस्ठ रकमलाई (एक वडा एक कृषि कार्यक्रम तर्फको) बाडफाड गरि कार्यक्रम संचालन गर्न सकिने छ। जस अन्तरगत गाउँपालिका भित्रका सबै वडाहरुमा कुनै एक कार्यक्रम संचालन हुने गरि तपसिल बमोजिमका क्रियाकलापहरु संचालन गर्न सकिनेछ।

**७. व्यवसायिक प्राङ्गारिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम हरित घर निर्माण:** कार्यक्रम विशेषत प्राङ्गारिक तरकारी उत्पादनमा जोड दिदै गत आ.व.मा संचालित कार्यक्रमको निरन्तरता तथा स्वस्थ वाली उत्पादन गरी उपभोग र वजारीकरण गर्ने  उदेश्यले यो कार्यक्रम संचालन गरिनेछ।

क) कार्यक्रममा उन्नत वीउ तथा हाईव्रिड विउ निःशुल्क प्रदान गर्न सकिनेछ।

ख) नविनतम प्रविधिको तालिम, कृषक अवलोकन भ्रमण, प्रर्दशनी,कृषि औजार उपकरणमा अनुदान दिन सकिनेछ।

ग) कार्यक्रम संचालनका लागि सेवाग्राहीवाट अवश्यकताका आधारमा प्रस्ताव पेश गर्नु पर्नेछ।

घ) कृषक,कृषक समुह,कृषि सहकारी मार्फत कार्यक्रम संचालन तथा व्यवस्थापन गर्न सकिनेछ।

ङ) कार्यक्रम संचालनमा प्राङ्गारिक मल तर्फ वढीमा ७५% सम्म अनुदान दिन सकिनेछ।

च) कृषक समुह,कृषि सहकारी ,व्यक्तिले अमानतमा काम गर्न सक्ने छन।

छ) यो कार्यक्रममा स्थायी जाली घर,प्लाष्टिक तथा थोपा सिंचाई जडान कार्य गर्न सकिनेछ। कूल लागतको न्यूनतम २५%रकम प्रस्तावकले व्यर्होर्नु पर्नेछ।

ज) अनुदान रकम कृषक समुह,कृषि सहकारी तथा स्वयम कृषकको नाममा भुक्तानी दिईनेछ १०.प्रस्ताव अनुसूची ३ बमोजिम पेश गर्नु पर्नेछ।

झ) समय भित्र पर्न आएका प्रस्तावहरुको छनौट र सिफारिस समितिवाट गरिनेछ।

**८. मागमा आधारित प्रस्तावित कार्यक्रम:** यो कार्यक्रम व्यवसायिक कृषक,उधमि,फर्म, कृषक समुह,टोल विकास संस्था तथा कृषि सहकारी संस्थाहरुलाई  कृषि व्यवसायका लागि अनुदान दिन सकिने छ।

क) नयाँ प्रविधि तथा दिगो कृषि विकासमा आधारित रहने छ।

ख) प्रस्ताव हेरी २०,०००।- देखि अधिकतम रु ५०००० सम्म मात्र अनुदान दिन सकिनेछ।

ग) लागत स्टिमेट हनु पर्नेछ।

घ) प्रस्ताव अनुसूची १ र ५बमोजिम पेश गर्नु पर्नेछ।

ङ) समय भित्र पर्न आएका प्रस्तावहरुको छनौट समितिवाट गरिनेछ।

च) कार्यक्रम सम्पन्न गरी मूल्याँकन सहित सम्बन्धित वडा कार्यालयको सिफारिस साथ पेश गर्नु पर्नेछ

**९. माटो परीक्षण गरी माटो सुधारका लागि समाग्री/प्रविधि वितरण /हस्तान्तरण कार्यक्रम:** यो कार्यक्रम संचालन विशेषत कृषि व्यवसाय खेती प्रविधिमा अधिक रासायनिक मल विषादीको प्रयोग र त्यसको नकारात्मक प्रभावमा सुधार तथा माटो जाँच, माटो सुधार र प्रागांरिक उत्पादनमा सहयोग पुग्ने गरी यो कार्यक्रम संचालन गरीने छ।

क) माटो परीक्षण मिनि ल्याब संचालन प्रविधियूक्त आवश्यक उपकरण खरिद गरी मिनी ल्याब संचालन गर्न सकिनेछ।

ख) माटो सुधारका लागि कृषि चुन/जिप्समममा अनुदान दिन सकिने।

ग) यस कार्यकमबाट नविनतम प्रविधियूक्त तालिम संचालन गर्न सकिनेछ।

घ) नियमित माटो जाँच तथा माटो जाँच शिविर संचालन गर्न सकिनेछ।

**१०. भकारो सुधार कार्यक्रम:** कार्यक्रम विशेषत पशु स्वास्थ्य सुधार ,व्यवसायिक प्राङ्गारिक तरकारी उत्पादनमा टेवा पुग्ने गरी संचालन गरीनेछ।

क) कार्यक्रम प्रस्ताव माग गरी सूचना प्रकाशित गरीने छ।

ख) कार्यक्रममा उन्नत वीउ तथा हाईव्रिड वीउ निःशुल्क प्रदान गर्न सकिनेछ।

ग) कार्यक्रममा उन्नत प्रविधिको तालिम,प्रर्दशनी,कृषि औजार उपकरणमा अनुदान दिन सकिनेछ ।
घ) प्रस्तावका आधारमा कृषक,कृषक समुह,सहकारी सँग सम्झौता गरी कार्यक्रम संचालन गरिनेछ ।
ङ) भकारो सुधारका लागि ५० प्रतिशत लागत सहभागितामा प्रति भकारो बढीमा रु १००००। अनुदान दिन सकिनेछ ।
च) कार्यक्रममा सहभागी हुन ठूला पशु कम्तीमा ३ वटा पालेको र व्यवसायिक तरकारी उत्पादन गरको हुनुपर्नेछ ।
छ) प्रस्ताव अनुसूची ४ बमोजिम पेश गर्नु पर्नेछ ।

**११. यूवा लक्षित यूवा स्वरोजगार कार्यक्रमः** प्रस्तावनामा आधारित स्थायी तरकारी नर्सरी घर स्थापना) यो कार्यक्रम यूवा स्वरोजगार तथा आत्मनिर्भर हुने गरी मौसमी तथा बेमौसमी तरकारी उत्पादनका लागि नमूना नर्सरी स्थापना गर्ने गरी संचालन गरिनेछ ।
क) यो कार्यक्रम व्यवसायिक तरकारी वाली उत्पादनमा आधारित रहने छ ।
ख) कृषक,कृषक समुह,सहकारी तथा व्यवसायिक कृषि फर्महरुले यो अनुदान लिन सक्ने छन ।
ग) कार्यक्रम संचालनका लागि कार्यालयवाट सूचना गरी जानकारी गराइनेछ ।
घ) बैदेशिक रोजगारवाट फर्किएको बेरोजगार युवाहरुलाई प्राथमिकता दिईनेछ ।
ङ) प्रस्ताव पेश गर्दा आवश्यक पर्ने कागजातहरु अनुसूची ४ बमोजिम हुनु पर्नेछ ।
च) कार्यक्रमको व्यवसायिक योजना सूचना बमोजिम अनुसूची १ पेश गर्नु पर्नेछ ।
छ) दर्ता भएका प्रस्तावहरुको प्राविधिक तथा आर्थिक पक्ष अनुसार प्रस्तावहरुको छनौट र सिफारिस समितिवाट गरिनेछ ।
ज) अनुदान रकम कार्यालयको निर्णय बमोजिम हुनेछ । कार्यक्रममा कम्तीमा २५ प्रतिशत लागत सहभागिता हुनु पर्नेछ ।

**१२.मागमा आधारित कृषि यान्त्रिकरण कार्यक्रमः**
क) नविनतम प्रविधि तथा दिगो कृषि विकासमा टेवा पुग्न गरी कार्यक्रम संचालन गरिने छ ।
ख) सुचना बमोजिम प्रस्ताव पेश गर्नु पर्नेछ । कम्तीमा २५ प्रतिशत लागत सहभागिता हुनु पर्नेछ ।
ग) प्रस्ताव अनुसूची १ बमोजिम पेश गर्नु पर्नेछ ।
घ) प्रस्ताव पेश गर्दा आवश्यक पर्ने कागजातहरु अनुसूची ५बमोजिम हुनु पर्नेछ ।
ङ) समय भित्र पर्न आएका प्रस्तावहरुको छनौट र सिफारिस समितिवाट गरीनेछ ।

**१३. बेमौसमी तरकारी उत्पादनका लागि (प्लाष्टिक सिट, ईन्सेक्ट नेट,थोपा सिचाई ईजि ड्रिप प्राङ्गारिक मल)**
क) नयाँ प्रविधि तथा दिगो कृषि विकासमा आधारित रहनेछ ।
ख) प्रस्ताव पेश गर्दा आवश्यक पर्ने कागजातहरु अनुसूची ५ बमोजिम हुनु पर्नेछ ।
ग) कार्यालयको निर्णय बमोजिम अनुदान दिइने छ । थप रकम सम्बन्धित पक्षले नै ब्यर्होनु पर्ने छ ।
घ) उल्लेखित कार्यक्रम आवश्यक हुनेहरुले माग निवेदन पेश गर्नु पर्नेछ ।
ङ) समय भित्र पर्न आएका प्रस्तावहरुको छनौट र सिफारिस समितिवाट गरीनेछ ।

**१४. वर्षे फलफूल विरुवा अनुदान कार्यक्रमः**
क) दिगो कृषि विकासमा आधारित रहि यो कार्यक्रम संचालन गरिने छ ।
ख) प्रस्ताव पेश गर्दा आवश्यक पर्ने कागजातहरु अनुसूची ५ बमोजिम हुनु पर्नेछ ।
ग) व्यवसायिक बगैंचा स्थापनाका लागि फलफूल विरुवामा वढीमा ७५ प्रतिशत सम्म र अन्यको हकमा निःशूल्क रुपमा फलफूलका विरुवा वितरण गरिनेछ ।
घ) निवेदन मागका लागि सूचना गरिनेछ प्रस्तावकले निबेदन पेश गर्नु पर्नेछ ।

ङ) दर्ता भएका निवेदनहरु प्राविधिक दृष्टिकोणले उचित कार्यक्रम कार्यापालिकाको कार्यालयबाट निर्णय गरी कार्यक्रम संचालन गरिनेछ ।

**१५. १०० % अनुदानमा संचालन हुने कार्यक्रमः( तरकारी प्रर्दशनी, उन्नत तथा हाईब्रिड वीउ) तरकारी प्रर्दशनी)**

क) व्यवसायिक कृषि फर्म, कृषि समुह, सहकारीको हकमा समूहको निर्णय दर्ता प्रमाण पत्र प्रतिलिपि पेश गर्नु पर्नेछ ।

ख) व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाण प्रतिलिपि, लालपुर्जा वा करार सम्झौता प्रतिलिपि निवेदनका साथ कार्यक्रमको माग खुलाई पेश गर्नु पर्नेछ ।

ग) दर्ता भएका निवेदनहरु प्राविधिक दृष्टिकोणले उचित कार्यालयबाट निर्णय गरी कार्यक्रम संचालन गरिनेछ ।

**१६. मिनीकिटः -(उन्नत तथा हाइब्रिड वीउ**)

क) खाद्य पोषण कार्यक्रम भएको हुदाँ तरकारी लगाउने जग्गा भएका सेवाग्राहीहरुलाई यस कार्यक्रममा समावेश गरिनेछ । जसमा बिभिन्न तरकारीका बिउहरु अनुदानमा उपलब्ध गराउन सकिने छ ।

**१७.कृषक क्षमता अभिबृद्धि तालिम :**

क) कार्यक्रम मागमा आधारित रही स्थलगत घुम्तीस्तरमा संचालन हुनेछ ।

ख) कृषक संख्या प्रति समूह वढीमा ३० जना रहने छन । साथै तालिम अवधि आवश्यकता अनुसार हुनेछ ।

ग) तालिम खर्च कार्यक्रम संचालन तालिमको लागत स्टिमेट तयार गरी पूर्व स्वीकृत गरी मात्र संचालन गरिनेछ ।

**१८.क्षतिपूर्ति उपलब्ध गराउन सकिनेः** गौमुल गाउँकार्यपालिकाबाट निर्णय बमोजिम यस कार्यक्रम बाट पालिका अन्तरगतका सबै वडाहरुमा विभिन्न कारणले - जस्तैः प्राकृतिक विपद बाढी, अतिवृष्टि, अनावृष्टि, खडेरी, आँधी, भूकम्प, ज्वालामुखी विष्फोट, बाढी, पहिरो, चटयाङ तथा भू-स्खलन जस्ता प्राकृतिक कारणबाट र गैर प्राकृतिक विपद महामारी, अनिकाल, डढेलो, आगलागि, कीट आतङ्क, जनावर आतङ्क, खानी दुर्घटना, औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्यास वा रसायन चुहावट, विकिरण, ग्याँस विष्फोटन, वातावरणीय प्रदुषण वा विनास, भौतिक संरचनाका क्षति आदिलाई सम्झनु पर्छ) ।

## परिच्छेद ४

## क्षतिपूर्ति निर्धाण समिति सम्बन्धी व्यवस्था

**१९.समिति सम्वन्धी व्यवस्था मुल्याङ्कन समितिः** बाली नाश भएको अवस्थामा सिफारिस समितिलाई क्षतिपूर्ति भएको विवरण सहित राहतका लागी सिफारिस गर्न देहाय वमोजिम मुल्याङ्कन समिति हुने छ ।

(क)सम्बन्धित वडाको वडा अध्यक्ष – अध्यक्ष

(ख)सम्बन्धित वडाको वडा समितिले तोकेको एक जना वडा सदस्य –सदस्य

(ग)सम्बन्धित वडा हेर्ने कृषी/पशु प्राविधिक –सदस्य

**२०.समितिको काम कर्तव्य र अधिकारः** बाली नास भएको अवस्थामा मुल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ ।

(क) प्राकृतिक प्रकोपबाट बाली नास भई पीडित भएकाहरुको सन्दर्भमा तथ्याङ्क संकलन गरी बाली नास भएको ठाँउमा पुगी स्थलगत मुल्याङ्कन प्रतिवेदन तयार पार्ने ।

(ख) बाली नास भएको स्थलगत मुल्याङ्कन प्रतिवेदन वडा कार्यालयको सिफारिसको आधारमा क्षतिपूर्ती निर्धारण गर्नको लागी सिफारिस समितिमा प्रतिवेदन पेस गर्ने ।

**२१.क्षतिपूर्ति सिफारिस समिति :-** बाली नास भएको अवस्थामा कार्यक्रम सञ्चालन, आवश्यक नीति निर्माण तथा निर्देशनका लागि देहाय वमोजिमका सदस्य रहने गरी एक क्षतिपूर्ति सिफारिस समिति रहनेछ ।

क) गाउँपालिका अध्यक्ष (अध्यक्ष)

ख) प्रमुख प्रशासकीय अधिकृत(सदस्य)

ग) कृषी शाखा प्रमुख (सदस्य सचिव)

आवश्यकता परेमा समितिको बैठकमा अन्य विशेषज्ञ समेत आमन्त्रण गर्न सकिनेछ ।

**२२.सिफारिस समितिको काम कर्तव्य र अधिकार :-** सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ ।

(क) क्षतिपूर्तिको लागि आर्थिक स्रोतको व्यवस्थापन गर्ने ।

(ख) बाली नास हुनु अगावै जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

(ग) प्राकृतिक प्रकोपबाट बाली नास भई पीडित भएकाहरुको सन्दर्भमा तथ्याङ्क संकलन गरी बाली नास भएको ठाँउमा मुल्याङ्कन तथा सिफारिस गरे बमोजिम राहतको कार्यक्रम समितिले कार्यान्वयन गर्ने ।

(घ) मुल्याङ्कन समितिले बाली नास भएको स्थलगत मुल्याङ्कन प्रतिवेदन तथा वडा कार्यालयको सिफारिसको आधारमा क्षतिपूर्ती निर्धारण गरी राहत प्रदान गर्ने ।

## परिच्छेद ५
## भुक्तानी प्रकिया

**२३.भुक्तानी प्रकिया:** अनुदान प्रकियामा सहभागी हुने सेवाग्राहीहरुले कार्यक्रम संचालन प्रकिया अनुसार संचालन गरी आर्थिक ऐन, नियमावली अनुसार कार्यालयवाट अनुदान रकम भुक्तानी गरिनेछ । सो रकम भुक्तानीका लागि कार्यक्रम संचालन सम्पन्न गरी प्राविधिकको मूल्याँकन,वडा कार्यालयको सिफारिस तथा स्थलगत फोटो पेश गर्नु पर्ने छ र राहत स्वरुप नगद क्षेतिपूर्ति पाउनका लागि अनुसूचि २ बमोजिम कागजात पेश गरेको हुनु पर्नेछ ।

## परिच्छेद ६
## अनुगमन

**२४.अनुगमन:** क)संचालन गरिएका कार्यक्रम सम्बन्धित वडा कार्यालयको समन्वयमा अनुगमन हुनेछ ।
ख) अनुगमनका सन्दर्भमा संचालित कार्यक्रमको बारेमा जानकारी गराउनु पर्नेछ । साथै सोधिएका विषयको स्पष्ट जवाफ र निर्देशनको पालना गर्नु पर्नेछ ।

## परिच्छेद ७
## विविध

**२५. अनुदान:** क)अनुदान सहयोगमा संचालित कार्यक्रमहरुको सफल कार्यान्वयन अनुदानग्राहीले विशेष ध्यान दिनु पर्नेछ ।

ख) कार्यक्रम संचालन गर्दा कुनै दुविधा उत्पन्न भएमा कार्यपालिकाको निर्णय बमोजिम निराकरण गरिने छ ।

ग) कार्यक्रमहरु र कार्यविधिमा कुनै परिमाजर्न गर्नु परमो कार्यपालिकाको निणर्यबाट गरिनेछ ।

घ) कृषि विकास कार्यक्रम संग सम्बन्धित सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको कार्यक्रमहरुका लागि समन्वय सहकार्यमा कार्यक्रम संचालन तथा सिफारिसका लागि कार्यालयको निर्देशानुसार गर्न सकिने छ ।

ङ) तोकिएको समय भित्र कार्यक्रम संचालन गरी सम्पन्न गर्नु पर्नेछ ।
च) कार्यक्रम संचालनका लागि प्रस्ताव गरिने कार्यक्रमहरुको प्रस्ताव तथा निवेदनहरु प्रकाशित सूचना अनुसारको अनुसूची फारम पेश गर्नु पर्ने छ ।
छ) प्रचलित नियमानुसार बाझिने कुराहरु स्वतःनिष्कृय हुने छन ।

**अनुसूचीः१**
**व्यवसायिक योजना**

(क) परियोजनाको संक्षिप्त परिचय
१. परियोजनाको नामः
२. परियोजना संचालन हुने स्थानः
३. परियोजनाको किसिमः
४. परियोजनाको समयावधिः शुरु मिति देखी सम्म
५. आबेदक सस्थाः
६. परियोजनाको कूल रकमः
७. सम्पर्क ब्यक्ति :
(ख) परियोजनाको संक्षिप्त विवरणः
१. भौगोलिक अवस्था/परियोजनाको परिचयः
२. परियोजनाको उद्देश्यः
३. लाभान्वित हुने घर धुरि संख्याः प्रत्यक्षः अप्रत्यक्षः
३.१ लाभान्वित हुने जनसंख्याः प्रत्यक्ष :
४. जग्गा क्षेत्रफलः
५. परियोजना संचालन विधिः
६. परियोजनाको अनुमानित लागतः
७. परियोजनाको लागि आवश्यक पर्ने साधनहरु :
८. खर्च ब्यहोर्ने निकायहरुः

| क.स. | निकाय | रकम रु | प्रतिशत | रकम ,सामाग्री, श्रम |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |

९. अनुगमन तथा मूल्याँङ्कनः
१०. बाधा तथा जोखिमहरुः
११. प्रस्तावित परियोजनको दिगोपनः
१२. परियोजना संचालन गर्न लाग्ने जनशक्ति विवरणः
१३. परियोजना संचालन हुने स्थान स्थान : वु.उ.प.म.न.पा. कार्यालयको देखिको दुरी …………कि.मि पुग्न लाग्ने समयः गाडी / साधनः पैदलः १४ उपलब्धिः(स्र्माट)
१५. लागत अनुमानः

| क.स. | कार्यक्रम कृयाकलापहरु | ईकाइ | परिमाण | मूल्य/दर | जम्मा रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |

संस्था भए

सिफारिस गर्नेको नाम :
पद
ठेगाना :
संस्थाको छाप

संस्थाको नाम :
संस्थाको छाप

निवेदक:
दस्तखत
नाम थर
दस्तखत
सर्म्पक नं :

## अनुसूचि २
## कृषि उपज क्षतिको मुल्याँकन  फारम

| वडा कार्यालयको छाप |
|---|

१.पिडितको नाम थर :
२. पिडितको ठेगाना :
३. विपतको घटना मिति :
४.क्षतिहुने बालीको नाम :
५. कुल क्षतिको मुल्याँकन :
६.सिफारिस गरिएको रकम गाउँपालिकाले व्यहोर्नुपर्ने :
७. अन्य खुलाउनु पर्ने विवरण :

**संलग्न कागजातहरुः**
१. पिडितको सक्कल निबेदन
२. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
३. आवश्यक फोटाहरु ( क्षतिको विवरण खुल्ने गरी)
४. प्रहरी सर्जमिन मुजुल्का ( आवश्यक परेमा)
५. मुल्याँकन समितिको निर्णयको प्रतिलिपि

| ..................... | .................... | .................. |
|---|---|---|
| कृषि पशु प्राविधिक | वडा सचिव | वडा अध्यक्ष |

अनुसूचीः३
(तरकारी खेतीका लागि गाउंपालिकासंगको सहकार्यमा ग्रिन हाउस निर्माण गर्न दिईने निबेदन)
विषयः गाउँपालिकाको लागत साझेदारीमा तरकारी खेतीको लागि ग्रिन हाउस निर्माण गरी पाउँ ।
प्रस्तुत विषयमा गौमुल गाउँपालिकाको मितिः ..........को सूचना अनुसार लागत साझेदारीमा ग्रिन हाउस निर्माण गरी तरकारी उत्पादन गर्न मेरो ईच्छा भएकोले सूचना बमोजिमका सेवा शर्तहरु पालना गर्ने गरी ग्रिन हाउस निर्माण गर्नकालागि यो निवेदन पेश गरेको छु ।
निवेदकको विवरणः
१ नामः
२. ठेगानाः वडा नं.........टोलको नामः
३. ग्रिन हाउस निर्माण गरिने जग्गा करारमा लिएको भए जग्गा धनिको नामः
४. जग्गा रहेको स्थानः नाप नक्सा ...........वडा नं......कित्ता नं...........क्षेत्रफलः.......
५. ग्रिन हाउस सिंचाईको श्रोत के छ /छैन.................................
६. विगतमा ग्रिन हाउस निर्माण भए ग्रिन हाउस संख्या साइज र क्षेत्रफल :
७. निर्माणको लगानी स्रोत आफनो रु :.......................वुटवल उप.महा.न.पा.को रु ............. अन्य रु........................... जम्मा रु.....................
८. हाल बनाउन चाहेको विवरण

| क.स. | कार्यक्रम | माग संख्या | साईज | क्षेत्रफल वर्गमिटर |
|---|---|---|---|---|
| १ | ग्रिन हाउस | | | |
| | | | | |

निवेदकको नाम:
दस्तखत:
सम्पर्क नं
सम्बन्धित वडा कार्यालयको सिफारिस:
निवेदकलेउल्लेख गरको सवैव्यहोरा ठिक साँचोरहेकोले तरकारी खेतीकालागि ग्रिन हाउस निर्माण गर्ने कार्यका लागि सिफारिस गरिन्छ ।
अध्यक्षको नाम: कार्यालयको छाप:
वडा नं:

**संलग्न कागजातहरु:**

१.भाडामा लिएको जग्गाको हकमा जग्गाधनि प्रमाण पुर्जाको प्रतिलिपि र करारनामा :
२.उक्त जग्गाको चालुआ.व. को मालपोत तिरेको रसिदको प्रतिलिपि:
३.जग्गा धनिको नागरिकताको प्रतिलिपि :
४. निवेदकको नागरिकताको प्रतिलिपि ।
५.तालिम लिएको भए सो को प्रमाण पत्रको प्रतिलिपि ।

## अनुसूची:४
## भकारो सुधारका लागि भर्नु पर्ने फारम

भकारो सुधारका लागि भर्नु पर्ने फारम

| क. स. | सदस्यको नाम | ठेगाना | ठुला पशु संख्या (३ भन्दा माथि | तरकारी खेती गरेको क्षेत्रफल रो. | ग्रिन हाउसमा तरकारी खेती गरिएको भए | | सम्पर्क नं |
|---|---|---|---|---|---|---|---|
| | | | | | संख्या | क्षेत्रफल | |
| १. | | | | | | | |
| २. | | | | | | | |

निवेदक संस्था भए
नाम थर संस्थाको नाम :
दस्तखत
ठेगाना :
मिति संस्थाको छाप :

सिफारिस गर्नेको नाम
पद :
दस्तखत :.....
सर्म्पक नं :

**अनुसूची : ५**

**प्रस्ताव पेश गर्दा आवश्यक पर्ने कागजातहरु**

**१.कृषक/ उधमी**

(क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।

(ख) जग्गाधनीको लालपूर्जा वा बहाल सम्झौता प्रतिलिपि ।

(ग) कृषक /उधमी दर्ता प्रमाण पत्र प्रतिलिपि ।

(घ) वडा कार्यालयको सिफारिस पत्र ।

**२ कृषक समूह /कृषि फर्म**

(क) कृषक समूह वा फर्म दर्ता प्रमाण पत्र तथा निर्णय प्रतिलिपि ।

(ख) जग्गाधनीको लालपूर्जा वा बहाल सम्झौता प्रतिलिपि ।

(ग) वडा कार्यालयको सिफारिस पत्र ।

**३ कृषि सहकारी संस्था**

(क) सहकारी दर्ता प्रमाण पत्र तथा निणर्य प्रतिलिपि ।

(ख) जग्गाधनीको लालपूर्जा वा बहाल सम्झौता प्रतिलिपि ।

(ग) कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

(घ) लेखा परीक्षण प्रतिबेदन ।

(ङ) वडा कार्यालयको सिफारिस पत्र ।

आज्ञाले,
जगदिश प्रसाद भट्ट
प्रमुख प्रशासकीय अधिकृत